# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## अत्तरीया, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आयको ठेक्का सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३।०५।२५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद -३ को दफा ११ को उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन तथा बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन मापदण्ड २०७९), स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE), स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन (EIA), सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन २०८२, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनुसार आन्तरिक कर संकलनका लागि देहाय बमोजिम तोकिएको स्थानबाट नदीजन्य पदार्थ(ढुङ्गा, गिट्टी, बालुवा, आदी ) उत्खनन, संकलन, निकासा गर्नका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले योग्य फर्महरुले यस बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातहरु खरिद गरि रित पूर्वक भरी यस कार्यालयमा सिलबन्दी बोलपत्र (HARD COPY) यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र पेश गर्न हुन बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ। बोलपत्र सम्बन्धी कागजात यस कार्यालयको राजश्व शाखा वा वेबसाइटबाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ।

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | उत्खनन परिमाण (घ.मि.) | दर | न्यूनतम कबोल अंक रु. (भ्याट बाहेक) | बोलपत्र पेश गर्ने अन्तिम मिति | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| GM/NCB/ IR/2083/84/01 | गोदावरी खोलाको प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदि) को बिक्री शुल्क संकलन | ७२,८१६.५ | प्रति घन फिट रु. ६ मू (अ कर बाहेक) | १,५४,२८,९५७.१२/- | २०८४/०६/१४ गते मध्यान्ह १२:०० बजे | कबोल अंक (मु.अ. कर सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम | ३,०००।०० |
| GM/NCB/ IR/2083/84/02 | खैराना खोलाबाट प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदि) को बिक्री शुल्क संकलन | ४५,५८९ | | ९६,५९,७७१.१५/- | | | ३,०००।०० |
| GM/NCB/ IR/2083/84/03 | खुटिया खोलाबाट प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदि) को बिक्री शुल्क संकलन | २,६०,८०१.४ | | ५,५२,६०,७३९.२/- | | | ५,०००।०० |

**बोलपत्र जमानत**: कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम बैङ्क जमानत वा गोदावरी नगरपालिकाको एन आइ सि एसिया बैङ्क अत्तरिया शाखामा रहेको धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ मा जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैङ्कबाट यस पालिकाको नाममा जारी भएको बैङ्क जमानत पत्र पेश गर्नु पर्नेछ। सम्झौता भएपछि मात्र जमानत रकम फिर्ता हुनेछ।

यस सम्बन्धि विस्तृत जानकारीका लागी गोदावरी नगरपालिकाको वेबसाइट https: //godawarimunkailali.gov.np/ बाट Bid Document डाउनलोड गरि हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**